**साझा सेवा (सहकारी संस्था) लिमिटेड**
पैंतीसौं साधारणसभामा प्रस्तुत विनियम संशोधन सम्बन्धी
**प्रस्ताव**

| सािवक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| | **प्रस्तावना**<br>सहकारी सिद्धान्त अनुसार आफ्ना शेयर सदस्यहरुका अतिरिक्त सर्वसाधारणलाई संस्थाको कारोवारको माध्यमबाट भरपर्दो र विश्वसनीय सेवा पुऱ्याउने उद्देश्यले तत्काल प्रचलित कानून बमोजिम २०३१ सालमा स्थापना भई सञ्चालनमा रहेको यस संस्थाको विनियमलाई प्रचलित कानून अनुसार संशोधन तथा परिमार्जन बाञ्छनीय भएकोले यो विनियमको तर्जुमा गरिएको छ । | प्रस्तावनाको व्यवस्था आवश्यक भएकोले । |
| १. **नाम, कार्यालय र ठेगाना:**<br>(क) यस संस्थाको नाम साझा सेवा (सहकारी संस्था) लिमिटेड हुनेछ ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिभिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।) | **परिच्छेद-१**<br>**प्रारम्भिक**<br>१. **संक्षिप्त नाम र प्रारम्भ**<br>(क) यस विनियमको नाम साझा सेवा विनियम, २०३१' रहेको छ ।<br>(ख) यो विनियम रजिस्ट्रारद्वारा स्वीकृत भएका मितिले प्रारम्भ हुनेछ । | समयानुसारको संशोधन आवश्यक भएकोले । |
| (ख) यसको मुख्य कार्यालय बागमती अञ्चल काठमाडौंमा रहनेछ र सोही यसको ठेगाना पनि हुनेछ । | २. **नाम र ठेगाना:**<br>(क) यस संस्थाको नाम साझा सेवा (सहकारी संस्था) लिमिटेड हुनेछ । छोटकरीमा यसलाई "साझा सेवा" भनिनेछ ।<br>(ख) यसको केन्द्रीय कार्यालय बागमती अञ्चल काठमाडौंमा रहनेछ र सोही यसको ठेगाना पनि हुनेछ । तोकिएको ठेगानामा कुनै कारणवश परिवर्तन हुन गएमा सोको जानकारी सात दिनभित्र सहकारी विभागको रजिष्ट्रारलाई | परिमार्जन सहितको समयानुकूल व्यवस्था गर्न आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| | दिइनेछ । | |
| २. **<u>कार्य क्षेत्र:</u>**<br>यस संस्थाको कार्यक्षेत्र नेपाल राज्यभर हुनेछ ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिभिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।) | ३. **<u>कार्य क्षेत्र:</u>**<br>यस संस्थाको कार्यक्षेत्र नेपाल राज्यभर हुनेछ । साथै प्रचलित कानूनको परिधिभित्र रही संस्थाको सेवा विस्तारका लागि रजिष्ट्रारको स्वीकृति लिई आवश्यकता अनुसार नेपाल बाहिर पनि कारोवार र सेवा विस्तार गर्न सकिनेछ । | संस्थाको कार्यक्षेत्रको किटानी व्यवस्था गर्न आवश्यक भएकोले । |
| ३. **<u>परिभाषा:</u>**<br>विषय वा प्रसंगले अर्को अर्थ नलागेसम्म यस विनियममा,<br>(क) "संस्था" भन्नाले साझा सेवा (सहकारी संस्था) लिमिटेडलाई जनाउंछ ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिभिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।)<br>(ख) "अध्यक्ष" भन्नाले यस संस्थाका अध्यक्षलाई जनाउंछ । | ४. **<u>परिभाषा:</u>**<br>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा,<br>(क) "संस्था" भन्नाले साझा सेवा (सहकारी संस्था) लिमिटेडलाई जनाउंछ ।<br>(ख) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनुपर्दछ ।<br>(ग) "विनियम" भन्नाले यस साझा सेवा (सहकारी संस्था लि. को विनियम, २०३१ लाई सम्झनु पर्दछ ।<br>(घ) "साधारण सभा" भन्नाले संस्थाको वार्षिक साधारण सभा र विशेष साधारण सभा समेत सम्झनु पर्दछ ।<br>(ङ) "समिति" भन्नाले यस विनियमबमोजिम गठन भएको संस्थाको सञ्चालक समिति सम्झनु पर्दछ ।<br>(च) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्षलाई जनाउंदछ ।<br>(छ) "सञ्चालक" भन्नाले सञ्चालक समितिको सदस्यलाई जनाउंदछ ।<br>(ज) "उपसमिति" भन्नाले संस्थाद्वारा यस विनियमबमोजिम कुनै निश्चित कार्य तोकी गठन गरेको उपसमितिलाई सम्झनु पर्दछ ।<br>(झ) "सदस्य" भन्नाले यस विनियम बमोजिम संस्थाको शेयर खरिद गरी सदस्यता प्राप्त गरेको संस्था वा निकायलाई सम्झनु पर्दछ ।<br>(ञ) "शेयर" भन्नाले संस्थाको शेयर पुंजीको विभाजित अंशलाई जनाउंदछ ।<br>(ट) "शेयर प्रमाणपत्र" भन्नाले शेयर किन्ने संस्था वा निकायलाई संस्थाबाट दिइएको निस्सालाई सम्झनुपर्दछ । | प्रचलित कानून वमोजिम परिमार्जन सहित थप व्यवस्था समावेश गर्न परेकोले । |

| | | |
|---|---|---|
| **४. उद्देश्य:**<br>यस संस्थाको उद्देश्य देहायमा लेखिए वमोजिम हुनेछः<br>(क) सरकारी संस्थान, कम्पनी तथा साझा सहकारी संस्थाहरु र अन्य स्वदेशी कम्पनी वा फर्महरूको प्रतिनिधि, एजेण्ट, डिलर वा वितरक भई आवश्यक मालसामानहरु खरिद वा प्राप्त गरी विभिन्न स्थानमा बिक्री केन्द्र खोली बिक्री वितरण गर्ने ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिबिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।)<br>(ख) जनताले आवश्यकता भन्दा बढी भई बिक्री गर्न चाहेका खाद्यान्न वा अन्य सामानहरु यथासंभव खरिद बिक्री गरी आवश्यक स्थानमा लगी बिक्री वितरण गर्ने ।<br>(ग) कृषिको निमित्त आवश्यक पर्ने मल, किटनासक औषधी, विउ विजन, यन्त्र तथा औजारहरूको उत्पादन वा खरिद गरी बिक्री वितरणको कार्य संस्था आफैंले वा सहकारी संघ/संस्था वा निकायसंगको संयुक्त लगानीमा गर्ने ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिबिजन सहकारी | (ठ) “रजिस्ट्रार” भन्नाले सहकारी विभागको रजिस्ट्रारलाई जनाउंदछ ।<br>(ड) “संस्था प्रमुख” भन्नाले साझा सेवाको विनियम बमोजिम कार्यरत संस्था प्रमुख वा सञ्चालक समितिले तोकेको पदाधिकारी सम्झनु पर्दछ ।<br>(ढ) “तोकिए” वा “तोकिए बमोजिम” भन्नाले प्रचलित कानून र यस विनियम अन्तरगत “तोकिए” वा “तोकिए बमोजिम“ भन्ने सम्झनुपर्छ ।<br>**परिच्छेद- २**<br>**उद्देश्य**<br>**५. उद्देश्य**<br>यस संस्थाको उद्देश्य देहायमा लेखिए वमोजिम हुनेछः<br>(क) सर्वसाधारण तथा सरकारी गैरसरकारी संघ संस्थाहरुलाई सर्वसुलभ रुपमा सही परिमाण र गुणस्तरीय सेवा प्रदान गर्ने ।<br>(ख) शेयरधनी संस्थाहरुको आधिकारिक प्रतिनिधिको रुपमा जन साधारणको समग्र हितका लागि आधिकारिक बिक्री वितरकको भूमिका निर्वाह गर्ने ।<br>(ग) संस्थाको बिक्री कक्षहरुबाट वस्तुहरुको बिक्री वितरणलाई व्यवस्थित बनाई स्वस्थ प्रतिस्पर्धा अनुकूल बनाउन प्रयत्नशील रहने ।<br>(घ) राजधानी लगायत देशका अन्य भागमा इन्धनजस्ता अत्यावश्यक वस्तुको बिक्री वितरणमा वेलाबखत हुने असहज अवस्थामा पनि पारदर्शी रुपमा संस्थागत दायित्व निर्वाह गर्ने ।<br>(ङ) संवेदनशील र प्राथमिकतामा रहेका सेवाग्राहीलाई वातावरण अनुरुप सेवाको गाह्यता प्रदान गर्ने ।<br>(च) सरकारी संस्थान, कम्पनी, सहकारी संस्थाहरु र अन्य स्वदेशी तथा विदेशी कम्पनी वा फर्महरूको प्रतिनिधि, एजेण्ट, डिलर वा वितरक भई आवश्यक मालसामानहरु खरिद वा प्राप्त गरी बिक्री वितरण गर्ने ।<br>(छ) कृषिको निमित्त आवश्यक पर्ने रासायनिक तथा प्राङ्गारिक मल, किटनासक औषधी, विउ विजन, यन्त्र तथा औजारहरूको उत्पादन वा खरिद गरी बिक्री वितरणको कार्य संस्था आफैंले वा सहकारी | स्पष्ट र किटानी व्यवस्था गर्न आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।)<br>(घ) घरेलु उद्योगको निमित्त चाहिने आवश्यक कच्चा माल, मेशिन ज्यावल उपलव्ध गराउने औ त्यस्ता उद्योगवाट उत्पादन भएका मालसामानहरूको यथासंभव खरिद बिक्री गर्ने र यस्ता उद्योगहरूको प्रचार गर्ने ।<br>(ङ) संस्था आफैंले वा अरु सहकारी संघ/संस्थासंगको संयुक्त लगानीमा विभिन्न उद्योगहरु स्थापना गरी सञ्चालन गर्ने र सो उद्योगद्वारा उत्पादित मालसामानहरूको बिक्री वितरण गर्ने ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिभिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।)<br>(च) विभिन्न संगठित संस्था तथा सहकारी संस्थाहरूलाई शेयर बिक्री गरी पूंजीको संकलन गर्ने र साझा सहकारिता र सेवाको भावना जागृत गराउने ।<br>(छ) विद्यालयहरूलाई चाहिने पुस्तक, कापी आदि शैक्षिक सामग्रीहरु उपलव्ध गराउने ।<br>(ज) कृषिका निमित्त आवश्यक हुने औषधी, केमिकल्स र सर्वसाधारण जनताका निम्ति चाहिने निर्माण सम्बन्धी मालसामानहरु उपलव्ध गराउने र त्यसको बिक्री वितरण गर्ने ।<br>(झ) निर्माण र विकासको निम्ति चाहिने निर्माण सम्बन्धी मालसामानहरु उपलव्ध गराउने र त्यसको बिक्री वितरण गर्ने ।<br>(ञ) स्वदेशमा उत्पादित वस्तुहरु विदेशमा र विदेशमा उत्पादित वस्तुहरु स्वदेशमा ल्याई बिक्री वितरण गर्ने अर्थात् वस्तुहरूको आयात निर्यातको कारोवार गर्ने ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन | संघ/संस्था वा निकायसंगको संयुक्त लगानीमा गर्ने ।<br>(ज) घरेलु उद्योगको निमित्त चाहिने आवश्यक कच्चा माल, मेशिन, ज्यावल उपलव्ध गराउने औ त्यस्ता उद्योगवाट उत्पादन भएका मालसामानहरूको यथासंभव खरिद बिक्री गर्ने ।<br>(झ) संस्था आफैंले वा अरु संघ/संस्था वा उद्यमी व्यक्तिसंगको संयुक्त लगानीमा विभिन्न उद्योग, व्यवसाय सञ्चालन गर्ने र सो उत्पादित मालसामानहरू तथा वस्तुहरुको बिक्री वितरण गर्ने ।<br>(ञ) विभिन्न संगठित संस्था तथा सहकारी संस्थाहरूलाई शेयर बिक्री गरी पूंजीको संकलन गर्ने र साझा सहकारिता र सेवाको भावना जागृत गराउने ।<br>(ट) नेपाल सरकार, संघ/संस्थालगायत बाट सञ्चालित परियोजनाहरु तथा सर्वसाधारणलाई निर्माण र विकासको निम्ति चाहिने मालसामानहरु सरकारले निर्धारण गरेको मूल्यमा उपलव्ध गराउने वा त्यसको बिक्री वितरण गर्ने ।<br>(ठ) स्वदेशमा उत्पादित वस्तुहरु विदेशमा र विदेशमा उत्पादित वस्तुहरु स्वदेशमा ल्याई बिक्री वितरण गर्ने ।<br>(ड) सर्वसाधारणलाई सरल र सुलभ सेवा प्रदान गर्न पेट्रोलियम पदार्थ र खाद्य वस्तु लगायतका वस्तुहरूको स्वदेशभित्र तथा विदेशबाट समेत ढुवानी सेवा प्रदान गर्ने ।<br>(ढ) सर्वसाधारणलाई पेट्रोलियम पदार्थ, ग्यांस आदि बिक्री वितरण गर्ने ।<br>(ण) संस्थाले अन्तर सहकारी कारोवारबाट उत्पादित उपज तथा वस्तुहरुको संकलन, प्रशोधन एवं बजारीकरण गरी बिक्री वितरण गर्न सक्नेछ ।<br>(त) सरकारको पूर्ण स्वामित्वका संघ संस्थाहरु, सहकारी तथा गैरसरकारी संघसंस्था वा उद्योगबाट उत्पादित वस्तुहरुको डिलरसीपको माध्यमबाट सर्वसाधारणलाई आवश्यक थप सेवा दस्तुर लिई बिक्री वितरण गर्ने । | |

| | | |
|---|---|---|
| स्वीकृत भई २०७१।११।१२को डिभिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।)<br>(ट) सर्वसाधारणलाई सरल र सुलभ सेवा प्रदान गर्न पेट्रोलियम पदार्थ र खाद्य वस्तु लगायत अन्य वस्तुहरूको स्वदेशभित्र तथा विदेशबाट समेत ढुवानी सेवा गर्ने ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिभिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।)<br>(ठ) रिफिलिङ प्लान्टको स्थापना गरी वा भाडामा लिई एल.पी. ग्यास वा अक्सिजन ग्यास आदिको कारोवार गर्ने ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिभिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।)<br>(ड) उपर्युक्त व्यवस्था मिलाउन आवश्यक सवै कामहरु गर्ने । | (थ) सम्बन्धित निकायको स्वीकृति लिई साना किसान सहकारी लगायत अन्य सहकारीबाट उत्पादित वस्तुहरु प्याकेजिङ गर्ने, सो को ट्रेडमार्क र पेटेन्ट राइट्स प्राप्त गरी बिक्री वितरण गर्ने ।<br>(द) रिफिलिङ प्लान्टको स्थापना गरी वा भाडामा लिई एल.पी. ग्यास वा अक्सिजन ग्यास आदिको कारोबार गर्ने ।<br>(ध) संस्थाको नाममा रहेको अचल सम्पत्तिको व्यापारिक तथा व्यावसायिक उपयोगका लागि लिजमा दिने, भाडामा लगाउने, व्यापारिक वा व्यवसायिक भवनहरु निर्माण गर्ने, गर्न दिने ।<br>(न) संस्थाको हितमा व्यवसायमुलक अन्य कार्यहरु गर्ने ।<br>(प) संस्थाको उद्देश्यअनुरुप उद्यमी व्यक्ति, उद्योग, संघ, संस्थालगायत नेपाल सरकार वा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यावसायिक निकायसंग मिली संयुक्त लगानीमा उद्योग, व्यवसाय, कम्पनी, फर्म आदि सञ्चालन गर्ने ।<br>(फ) सरकारी, गैर सरकारी संघ संस्थाहरुको सामान, माल, वस्तुहरु चलन चल्ती दरभाउमा संस्थाले सोफै खरीद गरी प्रयोग गर्ने वा बिक्री वितरण गर्ने ।<br>(ब) सरकारी, अर्ध सरकारी, गैर सरकारी संघ संस्थाका काम नलाग्ने पत्र सामानहरु विना लिलाम वा लिलामबाट चलन चल्तीको दर रेटमा सकारी संस्थागत हितको लागि राष्ट्रिय ढलौट उद्योग वा कुनै कम्पनी, संस्था वा व्यक्तिलाई बिक्री गर्ने ।<br>(भ) सरकारबाट वित्तीय सहयोग लिई उद्योग, व्यवसाय सञ्चालन गर्ने ।<br>(म) उल्लेखित उद्देश्यसंग सम्बन्धित तथा सो पुरा गर्न गर्नुपर्ने सबै कार्यहरु गर्ने । | |

| | | |
|---|---|---|
| | **६. संगठित संस्था**<br>क. यो संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।<br>ख. संस्थाको सबै कामको निमित्त अनुसूची-१ बमोजिमको ढांचामा आफ्नो एउटा छुट्टै छाप हुनेछ । सो छाप सञ्चालक समितिद्वारा अधिकार प्राप्त अधिकारीको जिम्मामा रहने छ ।<br>ग. संस्थाले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बिक्री गर्न र कुनै प्रकारले बन्दोबस्त गर्न सक्नेछ ।<br>घ. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ ।<br>**परिच्छेद- ३**<br>**सदस्यता** | नयां व्यवस्था गर्न आवश्यक भएकोले । |
| ५. **सदस्यता:**<br>देहायमा लेखिएका संस्थालाई यस संस्थाको सदस्यता प्राप्त हुन सक्नेछ ।<br>(क) यस संस्थाको स्थापना गर्न आवेदन पत्रमा सही गरी रजिष्ट्रिको निम्ति आवेदन गर्ने सहकारी संस्थाहरु ।<br>(ख) नेपाल सरकार र नेपाल सरकारको स्वामित्व भएका संगठित निकायहरु सहकारी संस्थाहरु र प्रचलित कानून अनुरूप दर्ता भएका सामाजिक संघ संस्थाहरु ।<br>तर यो संशोधित विनियम लागू हुनु अघि शेयर लिई सकेका व्यवसायिक संस्थाको सदस्य भने कायमै रहने छ । | ७. **सदस्यता:**<br>देहायमा लेखिएका संस्थालाई यस संस्थाको सदस्यता प्राप्त हुन सक्नेछ<br>(क) यस संस्थाको स्थापना गर्न आवेदन पत्रमा सही गरी रजिष्ट्रिको निम्ति आवेदन गर्ने नेपाल सरकारको स्वामित्व भएका संगठित निकायहरु तथा सहकारी संस्थाहरु ।<br>(ख) नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका संस्था, उत्पादक र सेवामूलक संघ संस्थाहरु उपभोक्ता समुहहरु र प्रचलित कानुन बमोजिम दर्ता भएका सामाजिक संघसंस्थाहरु ।<br>(ग) संस्थाको सेवा प्राप्त गर्न चाहने, सदस्यताको जिम्मेवारी वहन गर्न स्वीकार गर्ने र विनियममा उल्लेखित शर्तहरु मान्ने र संस्थाको विनियम लागू हुनुअघि शेयरको सदस्यहरु उल्लेखित शर्त वमोजिम सदस्यता कायमै रहन मञ्जुरी जनाउने संघ संस्थाहरु ।<br>(घ) संस्थासंग आर्थिक कारोवार भएका वित्तीय संस्थाहरु ।<br>(ङ) नेपाल सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त विदेशी सहकारी संघ संस्थाहरु । | समयानुकूल व्यवस्था गर्न आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| | (च) सहकारी ऐन वमोजिम स्थापित भएका विभिन्न संघ संस्थाहरु ।<br>**८. सदस्यताको लागि योग्यता**<br>१. संस्थाको सदस्य हुनका लागि देहायको योग्यता पुगेको हुनुपर्नेछ –<br>(क) नेपाली नागरिक,<br>(ख) १८ वर्ष उमेर पूरा भएको,<br>(ग) मगज नबिग्रेको,<br>(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको,<br>(ङ) संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरेको,<br>(च) प्रचलित ऐनले योग्य ठहरिएको,<br>(छ) दामासाहीमा नपरेको,<br>(ज) विनियमको नियम पालन गर्न मन्जुर भएको ।<br>२. संस्थाको सदस्यता लिन निर्धारित प्रवेश शुल्क र खरिद गर्ने शेयरको रकम संलग्न गरी सञ्चालक समिति समक्ष निवेदन दिनुपर्दछ । त्यस्तो निवेदन पर्न आएपछि समितिले संस्थाको सदस्यता दिने वा नदिने निर्णय गर्नेछ । समितिले सदस्यता नदिने निर्णय गरेमा त्यसपछि बस्ने प्रथम साधारण सभासमक्ष पुनरावेदन दिन सकिनेछ र यस सम्बन्धमा साधारणसभाको निर्णय अन्तिम हुनेछ । तर राजीनामा दिइ संस्थाको सदस्यता समाप्त भएको सदस्यले पून: सदस्यता प्राप्त गर्न चाहेमा संस्थाको सदस्यता समाप्त भएको मितिले एक वर्षपछि मात्र सदस्यताको लागि निवेदन दिन सक्नेछ । | स्पष्ट व्यवस्था आवश्यक भएकोले । |
| | **९. प्रवेश शुल्क**<br>संस्थाको सदस्यता लिनको लागि प्रवेश शुल्क रु. ५,०००/- (रुपैयां पांच हजार) बुझाउनुपर्ने छ, यो रकम कुनै अवस्थामा पनि फिर्ता हुने छैन । | विनियममा समावेश गर्न आवश्यक भएकोले । |
| | **१०. सदस्यताको अन्त्य**<br>देहायको अवस्थामा संस्थाको सदस्यता अन्त्य भएको मानिने छ-<br>(क) तोकिएको अवधिभित्र आफूले लिन मन्जुर गरेको शेयरको पुरा रकम चुक्ता नगरेमा, | ऐ ऐ |

| | | |
|---|---|---|
| | (ख) मृत्यु भएमा,<br>(ग) मगज बिग्रिएको प्रमाणित भएमा,<br>(घ) राजीनामा स्वीकृत भएमा,<br>(ङ) आफूले खरिद गरेको सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा फिर्ता लिएमा,<br>(च) सदस्यताबाट निष्कासन भएमा,<br>(छ) विनियम ८ बमोजिमको योग्यता नभएमा वा नरहेमा,<br>(ज) विघटन भएमा,<br>(झ) अद्यावधिक गर्न संस्थाले जारी गरेको समयभित्र सदस्य अद्यावधिक नगराएमा । | |
| | **११. सदस्यताबाट राजीनामा**<br>१. कुनै सदस्यले स्वेच्छाले सदस्यता छाड्न चाहेमा समिति समक्ष राजीनामा पेस गर्न सक्नेछ । यसरी राजीनामा दिंदा आर्थिक वर्षको नवौं महिनाभित्र समितिमा प्राप्त हुने गरी पेस गर्नुपर्नेछ । यस्तो राजीनामा चालु आर्थिक वर्षको अन्तिम दिनको भोलिपल्ट देखि लागु हुने गरी स्वीकृत गर्न सकिनेछ । तर सदस्यता छाड्न चाहने सदस्यले संस्थाको बांकी बक्यौता तिर्न बांकी भएमा वा त्यस्तो कुनै सदस्यको जमानत बसेको भए बांकी बक्यौता चुक्ता नभई राजीनामा स्वीकृत हुने छैन । राजीनामा दिने सदस्यको शेयर रकम तोकिएबमोजिम फिर्ता दिइनेछ । | विनियममा यो व्यवस्था आवश्यक भएकोले । |
| | २. संस्थाको कुल शेयर पुंजीको १५ प्रतिशतभन्दा बढी मूल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा राजीनामा दिने मितिले कम्तीमा १२ महिना अगावै लिखित सूचना दिनुपर्ने छ । | ऐ ऐ |
| | **१२. सदस्यताबाट निष्कासन**<br>समितिको विस्तृत छानविनपछि पनि कुनै सदस्यले निम्न कामकारवाही गरेको पाइएमा त्यस्तो सदस्यलाई समितिको कूल सदस्य सख्याको दुई तिहाइ (२/३) बहुमतले निष्कासन गर्न सक्नेछ– | ऐ ऐ |

| | | |
|---|---|---|
| | (क) संस्थाको उद्देश्य विपरीत हुने गरी जानाजानी कुनै कार्य गरेमा, वा<br>(ख) संस्थाको आर्थिक अवस्था कमजोर हुने काम गरेमा, वा<br>(ग) संस्थाको रकम हिनामिना गरेमा, वा<br>(घ) संस्थाको हितविरुद्ध कुनै कार्य गरेको ठहरेमा, वा<br>(ङ) यस विनियममा भएका व्यवस्था र विनियमको उद्देश्य विरुद्ध कार्य गरेमा ।<br>तर निष्कासन गर्नु अघि समितिले सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिन र आरोपको खण्डन गर्न एवं आवश्यक प्रमाण कागजात आदि प्रस्तुत गर्न कम्तीमा ३५ दिनको सूचनासहित मौका दिनुपर्दछ । छानविनको क्रममा समितिको कुल सदस्य सख्याको कम्तीमा दुईतिहाइ बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्षको लागि बन्देज लगाउन सक्नेछ । समितिको निर्णयमा चित्त नबुझ्ने सदस्यले आगामी हुने साधारण सभामा पुनरावेदन पेस गर्न सक्नेछ । यस सम्बन्धमा साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।<br><br>**<u>परिच्छेद- ४</u>**<br>**<u>शेयर तथा कोष</u>**<br>**<u>१३. कोषको व्यवस्था</u>**<br>१. संस्थाको कोष देहायबमोजिमका स्रोतहरुबाट खडा गरिने छ-<br>(क) शेयर बिक्रीबाट प्राप्त रकम,<br>(ख) प्रवेश शुल्क,<br>(ग) वित्तीय निकायबाट प्राप्त हुने ऋण,<br>(घ) सदस्य र अन्य स्रोतबाट प्राप्त हुने ऋण,<br>(ङ) कारोबारबाट प्राप्त हुने बचत,<br>(च) दानदातव्य<br>(छ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम, | सहकारी ऐन २०७४ वमोजिम समावेश गर्न आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| | (ज) विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट प्राप्त रकम,<br>(झ) अन्य विविध स्रोतबाट प्राप्त रकम ।<br><br>२. संस्थाले विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट ऋण तथा अनुदान रकम प्राप्त गर्नुअघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।<br>३. उपविनियम (१) बमोजिम संस्थालाई प्राप्त हुने सबै रकम समितिले तोकेको कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गरिनेछ ।<br>४. उपविनियम (१) बमोजिमको कोषको खाताको सञ्चालन समितिले तोकेको व्यक्ति र संस्था प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ । | |
| ६. **<u>शेयर पूंजी:</u>**<br>(क) यस संस्थाको अधिकृत पूंजी २,५०,००,०००।०० को हुनेछ । सो पूंजी प्रति शेयर रु. १००।०० का दरले जम्मा २,५०,००० शेयर कित्तामा विभाजित हुनेछ । आवश्यकतानुसार साधारण सभाको निर्णय अनुसार पुंजी थप गर्न सकिने छ ।<br>(ख) शेयरको रकम सदस्यता स्वीकार हुनासाथ लिनु पर्नेछ ।<br>नोटः दफा ६ को (क) २०६६।१०।१७को साधारण सभा तथा सहकारी डिभिजन कार्यालय काठमाडौंको २०६७।७।२९ को स्वीकृतपत्र अनुसार संशोधित ।<br>(ग) यसको शेयर कानुनी रुपमा स्थापित भएका सरकारी, गैर सरकारी संस्थालाई बिक्री गरिने छ । | **<u>१४. शेयर पूंजी</u>**<br>(१) यस संस्थाको अधिकृत पूंजी २,५०,००,०००।०० को हुनेछ । सो पूंजी प्रति शेयर रु. १००।०० का दरले जम्मा २,५०,००० शेयर कित्तामा विभाजित हुनेछ । आवश्यकतानुसार साधारण सभाको निर्णय अनुसार पुंजी थप गर्न सकिने छ ।<br>(२) शेयर बापतको पुरा रकम सदस्यताको लागि दिएको निवेदन स्वीकृत हुनासाथ तिर्नुपर्नेछ ।<br>(३) कुनै पनि संस्थाले कूल शेयर पुंजीको २० प्रतिशतभन्दा बढी शेयर खरिद गर्न सक्नेछैन । तर नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागु हुनेछैन ।<br>(४) संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ ।<br>उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पूंजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्ने छैन । | थप बुंदा समावेश गर्न परेकोले । |
| ७. **<u>शेयरको प्रमाण पत्र:</u>**<br>(क) प्रत्येक शेयरवाला सदस्यलाई सञ्चालक समितिको अध्यक्ष, कुनै एक जना सञ्चालक र महाप्रबन्धक/कार्यकारी प्रमुख समेतको दस्तखत र | **<u>१५. शेयर प्रमाणपत्र</u>**<br>(क) प्रत्येक शेयरवाला सदस्यलाई सञ्चालक समितिको अध्यक्ष, कुनै एक जना सञ्चालक र कार्यकारी निर्देशक समेतको दस्तखत र संस्थाको छाप लागेको प्रमाण पत्र दिइनेछ । | ऐ ऐ |

| | | |
|---|---|---|
| संस्थाको छाप लागेको प्रमाण पत्र दिइनेछ ।<br>(ख) संस्थाको सदस्यले आफ्नो शेयर प्रमाणपत्रको प्रतिलिपि माग गरेमा आवश्यक कुरा बुझी रु.५००।- शुल्क लिई प्रतिलिपि दिइनेछ ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिभिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।) | (ख) संस्थाको सदस्यले आफ्नो शेयर प्रमाणपत्रको प्रतिलिपि माग गरेमा आवश्यक कुरा बुझी रु.२५००।- शुल्क लिई प्रतिलिपि दिइनेछ ।<br><br>**<u>१६. शेयर प्रमाणपत्र बिक्री, हस्तान्तरण, शेयर रकम फिर्ता</u>**<br>१. कुनै सदस्यले आफूले लिएको आंशिक वा पूरै शेयर हस्तान्तरण गर्न चाहेमा संस्थाको सदस्य बन्न योग्यता पुगेका कुनै सदस्यलाई हस्तान्तरण गर्न सक्नेछ । तर यस्तो हस्तान्तरण समितिले स्वीकृत गरेपछि मात्र मान्य हुनेछ ।<br>२. कुनै सदस्यको राजीनामा स्वीकृत भएमा वा विनियममा व्यवस्था भए अनुसार निष्कासित भई सदस्यता कायम नरहेमा यस्ता सदस्यहरुको शेयरको रकम सो आर्थिक वर्षको हिसाबको लेखापरीक्षण पश्चात्को नाफा-नोक्सानको हिसाब अनुरुप निजले बेहोर्नुपर्ने दायित्व वा पाउने लाभ हिसाब गरी फिर्ता गरिनेछ । तर सदस्यता प्राप्त गरेको एक वर्ष नहुँदै सदस्यता अन्त्य भएका सदस्यहरुको शेयरको रकम फिर्ता हुने छैन र यस्तो सदस्यको शेयर निजले इच्छाएको व्यक्तिलाई हस्तान्तरण मात्र गर्न सकिने छ । | समयानुकुल परिवर्तन आवश्यक भएकोले । |
| ८. **<u>दायित्व:</u>**<br>आफूले लिएको शेयरसम्म मात्र सदस्यको दायित्व सिमित रहने छ । | **<u>परिच्छेद– ५</u>**<br>**<u>दायित्व र शेयर कायम</u>**<br>**<u>१७. दायित्व र शेयर कायम</u>**<br>(१) आफूले लिएको शेयरसम्म मात्र सदस्यहरुको दायित्व सीमित हुनेछ ।<br><br>**<u>१८. शेयर दर्ता कायम</u>**<br>१. कुनै शेयर सदस्य खारेज भएमा वा टाट पल्टेमा सो को हक र दायित्व सरेको संस्था वा निकायको नाममा त्यस्तो सदस्यको शेयर दर्ता कायम गरिनेछ ।<br><br>२. कुनै शेयर सदस्यलाई अरु संस्था वा निकायले प्राप्त गरेमा वा अरु संस्थामा विलय भएमा जुनमा गाभिएको वा विलय भएको छ सो को नाममा शेयर दर्ता कायम गरिनेछ । | संस्थाको प्रकृति अनुसारको व्यवस्था आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| ९. **साधारण सभा:**<br>(क) प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ । आवश्यकतानुसार बीचमा विशेष साधारण सभा पनि बोलाउन सकिने छ । साधारण सभाको निर्णय पुस्तिका (कार्य विवरण) राख्नु पर्नेछ ।<br>(ख) वार्षिक साधारण सभाको गणपूरक संख्या कूल सदस्य संख्याको पच्चीस प्रतिशत वा १३ जनामा जुन बढी हुन्छ । सोही बमोजिम उपस्थिति भएमा गणपूरक भएको मानिने छ ।<br>(ग) पहिलो पटक गणपूरक संख्या नपुगी दोस्रो पटक बोलाउनु परेमा कूल सदस्य संख्याको १५ प्रतिशत वा ११ जना जून बढी हून्छ । त्यति उपस्थिति भएमा गणपूरक भएको मानिने छ ।<br>(घ) कुनै पनि साधारण सभा बस्नुभन्दा कम्तिमा १५ दिन अगावै सभा हुने स्थान, मिति र कार्य विवरणको सूचना प्रत्येक सदस्य कहां पठाउनु पर्नेछ । विशेष साधारण सभाको हकमा सभा बस्नु भन्दा ७ दिन अगावै पनि सूचना पठाउन सकिने छ ।<br>(ङ) वार्षिक साधारण सभा गर्दा वार्षिक नाफा नोक्सान हिसाव वासलात र लेखा परीक्षकको प्रतिवेदन तथा सञ्चालकहरूको प्रतिवेदन समेत पेश हुनु पर्नेछ ।<br>(च) साधारण सभामा प्रत्येक सदस्यको एउटा मत हुनेछ । सो साधारण सभाको निर्णय साधारण बहुमतद्वारा नै हुनेछ । मत वरावर भएमा अध्यक्षको निर्णयात्मक मतवाट निर्णय हुनेछ ।<br>(छ) साधारण सभाको सभापतित्व सञ्चालक समितिको अध्यक्षले गर्ने छन् । अध्यक्ष उपस्थित नभएको अवस्थामा उपस्थित सदस्यहरूले तोकेको सदस्यले | **परिच्छेद– ६**<br>**साधारण सभा**<br>**१९. वार्षिक साधारण सभा**<br>१. संस्थाको सर्वोच्च अंगको रुपमा साधारण सभा हुनेछ ।<br>२. संस्थाको शेयर खरिद गर्ने सम्पुर्ण सदस्यहरु साधारण सभाका सदस्य हुनेछन् ।<br>३. प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनुपर्नेछ ।<br>४. वार्षिक साधारण सभा नबोलाइएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा बोलाउन रजिस्ट्रार समक्ष निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिनभित्र रजिस्ट्रारले वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा बोलाउन सक्नेछ ।<br>५. वार्षिक साधारण सभा बोलाउंदा सभा हुने स्थान, मिति र समय खुलाई १५ दिनअगावै सम्बन्धित सदस्यहरुलाई सूचना दिनुपर्नेछ ।<br>६. वार्षिक साधारण सभाको गणपूरक संख्या त्यस्तो सभाको कुल सदस्य संख्याको ५१ प्रतिशत हुनुपर्नेछ ।<br>७. विनियम संशोधन गर्न बस्ने साधारण सभाको गणपूरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनुपर्नेछ ।<br>८. सभा सञ्चालनको लागि पहिलोपटक गणपूरक संख्या नपुगी दोस्रोपटक सभा बोलाउन परेको अवस्थामा कम्तीमा ७ दिनको अर्को सूचना दिनुपर्ने छ र त्यसरी दोस्रो पटक बोलाइएको सभाको गणपूरक संख्या कुल सदस्यसंख्याको एक तिहाई भए पुग्नेछ ।<br>९. वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।<br>१०. वार्षिक साधारण सभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेस गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुले 'एक व्यक्ति एक मत' को आधारमा दिएको मतको बहुमतबाट पारित हुनेछ । मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ । | ऐन, वमोजिम थप प्रावधान समावेश आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| सभापतित्व गर्नेछ ।<br>(ज) शेयरवाला संस्थावाट अधिकार प्राप्त प्रतिनिधिले आफ्नो शेयरवाला संस्थाको प्रतिनिधित्व गरी साधारण सभामा उपस्थित हुनेछ । | **<u>२०. विशेष साधारण सभा</u>**<br>१. देहाय बमोजिमको अवस्थामा १५ दिन अगावै लिखित सूचना दिई समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ–<br>(क) संस्थाको हिसाब किताब जांच गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा त्यसको कारण समेत खोली लेखापरीक्षकले समिति समक्ष लिखित अनुरोध गरेमा, वा<br>(ख) यस विनियम बमोजिम गठन भएको लेखा सुपरिवेक्षण समितिले कुनै विशेष कामको लागि विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा, त्यसको कारणसमेत खोली समिति समक्ष लिखित अनुरोध गरेमा, वा<br>(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन आवश्यक छ भनी कारण खोली समितिसमक्ष पेस गरेको प्रस्ताव समितिद्वारा पारित भएमा, वा समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा, वा<br>(घ) विशेष साधारण सभा बोलाउनुपर्ने कारण खुलाई पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,<br>२. विशेष साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।<br>३. विशेष साधारण सभामा पेस गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेस गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुले 'एक व्यक्ति एक मत' को आधारमा दिएको मतको बहुमतबाट निर्णय गरिनेछ । मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ । | ऐ ऐ |
| १०. **<u>साधारण सभाको काम, कर्तव्य र अधिकार:</u>**<br>साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:<br>(क) संस्थाको वार्षिक नाफा नोक्सान हिसाव र वासलात स्वीकृत गर्ने ।<br>(ख) सहकारी ऐन नियम वमोजिम लेखा परीक्षक नियुक्ति | **<u>२१. साधारण सभाको काम, कर्तव्य र अधिकार</u>**<br>वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:<br>(क) वार्षिक कार्यक्रम र नाफा नोक्सानको हिसाव तथा वासलात स्वीकृत गर्ने,<br>(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,<br>(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा | ऐ ऐ |

| | | |
|---|---|---|
| गर्ने ।<br>(ग) लेखा परीक्षकको प्रतिवेदन तथा सञ्चालक समितिको प्रतिवेदन उपर विचार गर्ने, स्वीकृति गर्ने ।<br>(घ) सञ्चालक समितिले पेश गरेका कुरामा विचार गरी निर्देशन दिने ।<br>(ङ) यस विनियम वमोजिम निर्वाचित हुने भनि तोकिएका सञ्चालकहरूको निर्वाचन गर्ने ।<br>(च) पूंजी थपको प्रस्ताव उपर विचार गरी स्वीकृत गर्ने ।<br>(छ) लेखा समितिको निर्वाचन गर्ने ।<br>(ज) विनियम संशोधन सम्बन्धि निर्णय गर्ने ।<br>(झ) सञ्चालक समितिको अध्यक्ष तथा लेखा समितिको अध्यक्ष तथा सदस्यहरूको राजिनामा स्वीकृत गर्ने । | विघटन गर्ने,<br>(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,<br>(ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,<br>(च) विनियम तथा आन्तरिक कार्यविधि पारित गर्ने,<br>(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,<br>(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,<br>(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,<br>(ञ) बाह्य दायित्व स्वीकार गर्ने,<br>(ट) सदस्यको दायित्व मिनाहा गर्ने,<br>(ठ) समितिलाई आवश्यक निर्देशन दिने,<br>(ड) ऐन, नियमावली एवं विनियम अनुसार समितिको सिफारिसमा लाभांश वितरण गर्ने र कर्मचारीहरुलाई बोनस दिन स्वीकृत गर्ने,<br>(ढ) विनियम संशोधन सम्बन्धी निर्णय गर्ने,<br>(ण) शेयरको मूल्य घटाउने वा बढाउने,<br>(त) संस्थाको कार्य सुचारु रुपले सञ्चालन गर्न आवश्यक पर्ने विनियमअन्तर्गतको अधिकार समितिलाई प्रत्यायोजन गर्ने,<br>(थ) संस्थाले लिनदिन सक्ने अधिकतम ऋण र धरौटी वा धितोको सीमा तोक्ने,<br>(द) अधिकृत पूंजी तोक्ने,<br>(ध) सञ्चालक समितिका अध्यक्षको तथा लेखा सुपरिवेक्षण समितिको अध्यक्ष तथा सदस्यहरुको राजीनामा स्वीकृत गर्ने,<br>(न) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।<br>(प) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने वा निर्देशन दिने । | |

| | | |
|---|---|---|
| | २. साधारण सभाको निर्णयहरुको अभिलेख अध्यक्षद्वारा प्रमाणित गराई सुरक्षित राख्नुपर्नेछ । | |
| **११. सञ्चालक समिति:** | **परिच्छेद- ७**<br>**सञ्चालक समिति** | |
| (क) संस्थाको कार्य सञ्चालनको निमित्त देहाय वमोजिम ९ जनाको एउटा सञ्चालक समिति रहने छ ।<br>(१) नेपाल सरकार र नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थाहरूको समूहवाट – ४<br>(२) साझा सहकारी संस्थाहरूको समूहवाट (संस्थाको महाप्रबन्धक/कार्यकारी प्रमुख पदेन सदस्य सचिव १ समेत गरी) – २<br>(३) सामाजिक संस्था समूहहरूबाट – २<br>(४) विशेषज्ञको रूपमा समय समयमा सञ्चालक समितिको मनोनयन गरेको – १<br>(ख) उप विनियम (क) को खण्ड (४) वमोजिम मनोनयन हुने वाहेक अरू उप विनियम (क) बमोजिमका तोकिएको समुहवाट तोकिए वमोजिमका संख्यामा साधारण सभाले निर्वाचन गर्नेछ ।<br>(ग) निर्वाचित सदस्यहरूले आफुमध्येवाट सञ्चालक समितिको अध्यक्ष निर्वाचन गर्ने छन् ।<br>(घ) सञ्चालक समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरूको उपस्थिति सञ्चालक समितिको गणपूरक संख्या हुनेछ ।<br>(ङ) सञ्चालक समितिको बैठक कम्तिमा ३ महिनाको अन्तरमा बर्षको कम्तिमा ४ पटक बस्नेछ । सञ्चालकहरूको बहुमतवाट निर्णय हुनेछ । मत वरावर भएमा अध्यक्षको निर्णयात्मक मतवाट निर्णय हुनेछ ।<br>(च) मनोनयन गरिएको सञ्चालक वाहेक अरू सबै | **२२. सञ्चालक समितिको गठन :** -<br>१) संस्था सञ्चालनका लागि देहाय बमोजिमको ९ जनाको एक सञ्चालक समिति रहनेछ :-<br>(क) साधारण सभाबाट निर्वाचित शेयरधनी सदस्य – अध्यक्ष<br>(ख) सहसचिव, मन्त्रालय – सदस्य<br>(ग) सहसचिव, अर्थ मन्त्रालय – सदस्य<br>(घ) सहसचिव, कारोवारसंग सम्बन्धित विषयगत मन्त्रालय – सदस्य<br>(ङ) संस्थाको शेयर खरिद गरेका स्थानीय तहहरुमध्येबाट एक जना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तीमा राजपत्राकिंत प्रथम श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य<br>(च) साधारण सभाबाट निर्वाचित कम्तीमा १ जना महिला सहित तीन जना - सदस्य<br>(छ) सञ्चालक समितिले तोकेको विज्ञ – सदस्य<br>२. निर्वाचित सदस्यहरुले आफुमध्येबाट सञ्चालक समितिको अध्यक्ष निर्वाचन गर्नेछन् ।<br>३. मनोनयन गरिएको सञ्चालक बाहेक अरु सबै सञ्चालकको पदावधि ४ वर्षको हुनेछ ।<br>४. निर्वाचित सञ्चालहरुको पदावधि समाप्त भएपछि ऐन बमोजिम तोकिएको अवधिभित्र सञ्चालकहरुको निर्वाचन गर्नुपर्नेछ ।<br>५. समयभित्र समितिले निर्वाचन नगराएमा कुनै पनि सदस्यले सोको जानकारी रजिस्ट्रारलाई गराउन सक्नेछ ।<br>६. जानकारी प्राप्त भएमा सञ्चालकको कार्यावधि समाप्त भएको मितिले ६ महिनाभित्र रजिस्ट्रारले सञ्चालकको निर्वाचन गराउनुपर्नेछ ।<br>७. नयां सञ्चालकको निर्वाचन नभएसम्म वा यो विनियम बमोजिम | ऐन, तथा संस्थाको सांगठनिक प्रकृति अनुसारको व्यवस्था आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| सञ्चालकको अवधि ४ वर्षको हूनेछ ।<br>(छ) अध्यक्षको अनुपस्थितिमा सञ्चालकहरूले आफु मध्येवाट एक जनालाई अध्यक्ष तोकि काम सञ्चालन गर्ने छन् ।<br>(ज) सञ्चालकहरूको वैठक शुल्क सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।<br>(झ) निम्न लिखित अवस्थामा सञ्चालक समितिको सदस्यता अन्त्य भएको मानिनेछः<br>१. शेयरवाला संस्था लिक्विडेशन भएमा<br>२. संस्थाको सदस्य नरहेमा<br>३. संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा<br>४. विनाकारण लगातार तीन वैठकमा उपस्थित नभएमा<br>५. सञ्चालक समितिलाई दिएको राजिनामा स्वीकृत भएमा | सञ्चालक समितिको निर्वाचन नभएसम्मको लागि यो विनियम लागु हुंदाको बखत रहेको साबिककै सञ्चालक समितिले विनियममा व्यवस्था भएबमोजिम कार्य सञ्चालन गर्न सक्नेछ ।<br>८.सञ्चालक समितिको सचिवको काम संस्था प्रमुखले गर्नेछ । | |
| | **२३. सञ्चालक समितिको निर्वाचन**<br>१. मनोनीत वा पदेन हुनेबाहेकका समितिका सदस्यहरुको निर्वाचन साधारण सभाबाट 'एक व्यक्ति एक मत' को आधारमा गोप्य मतदानद्धारा हुनेछ ।<br>२. सञ्चालकको निर्वाचन समितिले तोकिएको निर्वाचन समितिद्धारा हुनेछ ।<br>३. निर्वाचनका लागि समितिले आवश्यक निर्वाचन निर्देशिका बनाउन सक्नेछ । | ऐ ऐ |
| | **२४. सञ्चालक समितिको सदस्य पदमा उम्मेदवार हुन नसक्ने अवस्था**<br>(१) देहायको अवस्थामा समितिको कुनै पनि सदस्य सञ्चालकको पदमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन–<br>(क) सदस्यको हकमा २५ वर्ष उमेर पूरा नभएको,<br>(ख) मगज ठीक नभएको,<br>(ग) टाट पल्टेको,<br>(घ) संस्थाको बांकी बक्यौता रहेको,<br>(ङ) संस्थाको सम्पत्ति हिनामिना गरेको,<br>(च) तोकिएको पूरै शेयर रकम चुक्ता नगरेको,<br>(छ) संस्थाको ठेक्कापट्टा वा कुनै कारोबारमा निजी स्वार्थ भएको,<br>(ज) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको,<br>(झ) संस्थाको अहित हुने कुनै काम गरेको प्रमाणित भएको,<br>(ञ) संस्थाको विनियम बारम्बार उल्लङ्घन गरेको,<br>(ट) ऐन, नियमावली एवं विनियममा उल्लेख भएबमोजिम सञ्चालक पदमा निर्वाचित वा मनोनयन हुन नसक्ने अवस्था भएको,<br>(ठ) यस संस्थाको शेयर खरिद गरी संस्थाको सदस्य प्राप्त गरेका नेपाल सरकारका निकायहरु | ऐ ऐ |

| | | |
|---|---|---|
| | तर पदेन तथा मनोनीतको हकमा यो लागू हुने छैन ।<br><br>**२५. सञ्चालक समितिको पदमा बहाल रहन नसक्ने अवस्था**<br>१. देहायको अवस्थामा समितिको कुनै पदाधिकारी सञ्चालकको पदमा बहाल रहन सक्ने छैन–<br>(क) विनियम (२३) बमोजिम सञ्चालकको पदमा निर्वाचन वा मनोनयन हुन नसक्ने अवस्था भएमा,<br>(ख) निर्वाचित सञ्चालकको हकमा सञ्चालकले अध्यक्ष समक्ष लिखित राजीनामा पेस गरी स्वीकृत भएमा,<br>(ग) निर्वाचित सञ्चालकहरुलाई साधारण सभाको बहुमतले मनासिब कारण देखाई हटाउने निर्णय गरेमा,<br>(घ) मृत्यु भएमा,<br>(ङ) बिनासूचना तीन पटकसम्म समितिको नियमित बैठकमा अनुपस्थित रहेमा,<br>(च) संस्थागत रुपमा प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा निजहरुले प्रतिनिधित्व गरेको संस्थाले निजलाई हटाएमा ।<br>(छ) यस विनियमको प्रतिकुल हुने कार्य गरे गराएमा वा संस्थाको हित विपरित कुनै पनि सञ्चार माध्यममा अभिव्यक्ति दिएमा, दिन लगाएमा वा पदमा वहाली रहंदाका बखत संस्थाका विरुद्ध कुनै पनि निकायमा उजुर गरेमा, गर्न लगाएमा,<br>(ज) संस्थाको हित विरुद्ध अन्य काम कारवाहि गरेको पाईएमा,<br><br>**२६. सञ्चालकलाई पदबाट हटाउन सक्ने :**<br>(१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ :<br>(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएमा,<br>(ख) अनधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भंग गरेमा,<br>(ग) संस्थाको कारोबार र व्यवसायसंग प्रतिस्पर्धा हुने गरी समान | <br><br><br>ऐ ऐ<br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br>ऐ ऐ |

| | | |
|---|---|---|
| | प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,<br>(घ) संस्थाको अहित हुने कुनै कार्य गरेमा,<br>(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,<br>(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा,<br>(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।<br>(३) तोकिएको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।<br>(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।<br>(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बांकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।<br><br>**२७. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने :**<br>(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुदैन ।<br>(२) सञ्चालकले आफुलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गर्न गराउन हुदैन ।<br>(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाहीप्रति त्यस्तो सञ्चालक व्यक्तिगत रुपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजबाट असुल उपर गरिनेछ । | ऐ ऐ |

| | | |
|---|---|---|
| | **(२८) समितिको विघटन :**<br>(१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ :<br>(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,<br>(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,<br>(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,<br>(घ) समितिले आफ्नो जिम्मेवारी पुरा नगरेमा,<br>(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी वा रजिष्ट्रारले दिएको निर्देशनको बारम्बार उल्लघंन गरेमा ।<br>(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयां समितिको निर्वाचन गर्नेछ ।<br>(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ४० को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा रजिष्ट्रार वा कार्यालय प्रमुखले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिनाभित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन भए अनुसार हुनेछ । | ऐ ऐ |

| | | |
|---|---|---|
| | **२९. सञ्चालक समितिको बैठक**<br>देहायको प्रक्रियाअनुसार समितिको बैठक हुनेछ –<br>(क) समितिको बैठक वार्षिक कम्तीमा ४ पटक बस्नेछ । तर दुई पटकबीचको अवधि ३ महिनाभन्दा बढी फरक हुनेछैन ।<br>(ख) समितिको बैठकका लागि गणपूरक संख्या कम्तीमा ५१ प्रतिशत हुनुपर्नेछ ।<br>(ग) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ, तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।<br>(घ) समितिको बैठकमा भएका निर्णयहरु छुट्टै निर्णय किताब (माइन्युट बुक) मा लेखी अध्यक्षद्वारा प्रमाणित गराई राख्नुपर्नेछ ।<br>(ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सञ्चालकहरु मध्येबाट छानिएको सञ्चालकले बैठकको अध्यक्षता गर्नेछ ।<br>(च) समितिका सदस्यमध्ये एकतिहाइ सदस्यहरुले लिखित अनुरोध गरेमा अध्यक्षले एकहप्ताको पूर्व सूचना दिई आकस्मिक बैठक बोलाउन सक्नेछ ।<br>(छ) सञ्चालकहरुको बैठक भत्ता सञ्चालक समितिले तोके बमोजिम हुनेछ । | ऐ ऐ |
| १२. **सञ्चालक समितिको कर्तव्य र अधिकार देहायमा लेखिए वमोजिम हुनेछ ।**<br>(क) यस विनियम तथा प्रचलित नेपाल सहकारी कानूनका अधीनमा रही संस्थाको उदेश्य अनुसार संस्थाको कार्य सञ्चालन गर्ने ।<br>(ख) आवश्यक कर्मचारीहरूको दरवन्दी गर्ने, खारेज गर्ने, तलव र अन्य सुविधाहरु तोक्ने, कर्मचारीहरूको नियुक्ति, सरुवा बढुवा, बर्खास्त गर्ने, अनुशासनमा राख्ने, सजांय गर्ने समेत कर्मचारी प्रशासन सम्बन्धि नियमहरु बनाउने ।<br>(ग) कार्य सञ्चालन सम्बन्धि तथा ठेक्कापट्टा मालसामान खरीद बिक्री गर्ने सम्बन्धि आर्थिक नियमहरु बनाउने ।<br>(घ) आवश्यकता र औचित्य हेरी संस्थाको सम्पत्ति मिन्हा, मोजरा दिने ।<br>(ङ) चन्दा, उपहार दिने लिने । | **३०. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**<br>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–<br>(क) प्रचलित कानून तथा यस विनियमको अधीनमा रही संस्थाको उद्देश्य अनुसार कार्य सञ्चालन गर्ने ।<br>(ख) संस्थाको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,<br>(ग) साधारण सभा बोलाउने एवं साधारण सभाको निर्णय र निर्देशन कार्यान्वयन गर्ने,<br>(घ) संस्थाको कार्यप्रगतिको मूल्याङ्कन गर्ने र परिआएका समस्या समाधान गर्ने,<br>(ङ) आवश्यकता र औचित्य हेरी संस्थाको सम्पत्ति मिन्हा, मोजरा दिने ।<br>(च) चन्दा, उपहार दिने लिने । | समयानुकूल थप व्यवस्था गर्न आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| (च) संस्थाको आय व्ययको हिसाव तोकिए वमोजिम राख्न लगाउने ।<br>(छ) शेयरको बांडफांड गर्ने, शेयर उठाउने, शेयरको नामसारी गर्ने ।<br>(ज) लेखा परीक्षकद्वारा जांचिएको वार्षिक नाफा नोक्सान हिसाव र वासलात तयार गरी गराई प्रमाणित गरी वार्षिक साधारण सभामा पेश गर्ने ।<br>(झ) संस्थाले गर्ने कारोवार (खरीद बिक्री) व्यवस्थित गर्ने, दरभाउ तोक्ने, एजेण्ट नियुक्ति गर्ने, एजेण्ट लिने दिने ।<br>(ञ) कारोवार चलाउन आवश्यक आर्थिक तथा अन्य प्रशासनिक नियमहरु बनाउने औ निर्णय दिने ।<br>(ट) साधारण सभा बोलाउने ।<br>(ठ) बजेट पारित गर्ने, खर्च गर्ने, निकाशा दिने ।<br>(ड) संस्थाको कामको निम्ति आवश्यक रकम ऋण दिने लिने ।<br>(ढ) संस्थाको कामको निम्ति सम्बन्धित व्यक्ति वा संस्थासंग संझौता गर्ने, ठेक्का पट्टा गर्ने ।<br>(ण) अध्यक्षवाहेक अन्य सञ्चालकहरूले दिएको राजिनामा स्वीकृत गर्ने ।<br>(त) सहकारी ऐन नियम तथा विनियमका अधिनमा रही संस्थालाई हित हुने विषयमा निर्णय गर्ने, निर्देशन दिने तथा कार्यन्वित गर्ने गराउने । | (छ) शेयरको बांडफांड गर्ने, शेयर उठाउने, शेयरको नामसारी गर्ने ।<br>(ज) वार्षिक नाफा नोक्सान हिसाव तथा वासलात तयार गरी गराई साधारण सभाबाट नियुक्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई वार्षिक साधारण सभामा पेश गर्ने ।<br>(झ) संस्थाले गर्ने कारोवार (खरीद बिक्री) व्यवस्थित गर्ने, दरभाउ तोक्ने, एजेण्ट नियुक्ति गर्ने, एजेण्ट लिने दिने ।<br>(ञ) बजेट पारित गर्ने, खर्च गर्ने, निकाशा दिने ।<br>(ट) संस्थाको कामको निम्ति सम्बन्धित व्यक्ति वा संस्थासंग संझौता गर्ने, ठेक्का पट्टा गर्ने ।<br>(ठ) सहकारी ऐन नियम तथा विनियमका अधिनमा रही संस्थालाई हित हुने विषयमा निर्णय गर्ने, निर्देशन दिने तथा कार्यान्वित गर्ने गराउने ।<br>(ड) आम्दानी-खर्चको हिसाब र कागजपत्रहरु ठीक तथा दुरुस्त राख्न लगाउने,<br>(ढ) शेयर उठाउने एवं शेयरको नामसारी गर्ने,<br>(ण) समितिका पदाधिकारीहरुको विनियम बमोजिम राजीनामा स्वीकृत गर्ने,<br>(त) कर्मचारीहरुको दक्षता एवं सीप विकास गर्न विभिन्न तालिम सञ्चालन गर्ने-गराउने,<br>(थ) हिसाब जांचमा लेखापरीक्षकले देखाएका कुराहरुसमेत विचार गरी आफ्नो राय ठहरसाथ साधारण सभामा पेस गर्ने,<br>(द) संस्थाको कारोबार वार्षिक कार्यक्रम तथा बजेटभित्र रही गर्ने, दरभाउ तोक्ने र यस्तो कारोबार चलाउन आवश्यक कारबाही गर्ने,<br>(ध) संस्थाको दैनिक कार्यसञ्चालन गर्न संगठन संरचना, दरबन्दी सृजना, कर्मचारी नियुक्ति, बिक्री शाखा, उपशाखा, कार्यालयको स्थापना गर्ने र कर्मचारी सेवाशर्त, पदोन्नति, निलम्बन, बर्खास्त तथा सेवा र सजायसम्बन्धी कर्मचारी प्रशासन नियम र आर्थिक कारोबार सञ्चालन गर्न आर्थिक प्रशासनसम्बन्धी नियम तर्जुमा गर्ने तथा आवश्यकता अनुरुप संशोधन गर्ने,<br>(न) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदनमा देखाइएको कैफियत सुधार गर्ने-गराउने,<br>(प) ठेक्का लिने, दिने, कर्जा लिने र अन्य भैपरी आउने काम गर्ने, | |

| | | |
|---|---|---|
| | (फ) लेखापरीक्षकले देखाएको कैफियत तथा बेरुजु असुली गर्ने तथा नियमित गर्ने-गराउने,<br>(ब) संस्थाको तर्फबाट चल-अचल सम्पत्ति खरिद-बिक्री गर्ने,<br>(भ) संस्थाको हिसाबकिताब सदस्यहरुले कार्यालय समयभित्र हेर्न चाहेमा देखाउने,<br>(म) संस्थाको कार्यक्रम सुचारु रुपले सञ्चालन गर्न, गराउन स्थायी समिति गठन गर्ने र आवश्यकता अनुसार विभिन्न उपसमिति गठन गर्ने,<br>(य) सञ्चालक समितिले आफ्नो कुनै अधिकार प्रयोग गर्ने गरी अध्यक्ष वा संस्था प्रमुख वा उपसमितिलाई तोक्न सक्ने छ,<br>(र) संस्थाको विरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदाबीको सम्बन्धमा संस्थाको तर्फबाट कानुनी प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने तथा संस्थाको तर्फबाट कसैकोविरुद्ध यस्तो हकदाबीको सम्बन्धमा उजुर गर्ने, मिलापत्र गर्ने वा दाबी परित्याग गर्ने गराउने,<br>(ल) संस्थाको बांकी बक्यौता ऐन, नियमावलीअनुसार गरी असुली गर्ने-गराउने,<br>(व) ऐन, नियमावली र विनियमअनुसार अन्य आवश्यक कार्यहरु गर्ने,<br>(श) संस्थाको उद्देश्य तथा कार्यअनुरुप संस्थाको हितमा उद्यमी व्यक्ति, उद्योग, संघ, संस्था, नेपाल सरकार वा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसंग मिली संयुक्त लगानीमा उद्योग व्यवसाय आदि सञ्चालन गर्न आवश्यक निर्णय गर्ने ।<br>(ष) संस्थालाई आवश्यक सल्लाहकार तथा विज्ञ नियुक्त गर्ने ।<br>(स) तोकिए वमोजिमका अन्य कार्य गर्ने ।<br><br>**३१. अध्यक्षको काम, कर्तव्य र अधिकार**<br>अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ –<br>(क) समितिको बैठक तथा साधारण सभाको बैठकको अध्यक्षता गर्ने,<br>(ख) संस्थाको स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र समितिका निर्णयहरु कार्यान्वयन गर्ने-गराउने,<br>(ग) संस्थाको काम कारबाही उपर संस्था प्रमुखलाई आवश्यकता अनुसार निर्देशन दिने, | सहकारी नियमावलीको अनुसूचीमा किटिएबमोजिमको नयां व्यवस्था आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| | (घ) संस्थाको उद्देश्य प्राप्तिको लागि आइपरेका जरुरी कार्यको सिलसिलामा समितिको बैठक नबसेको अवस्थामा तत्काल समितिको तर्फबाट निर्णय गर्ने र तत्पश्चात् बस्ने समितिको बैठकमा पेस गरी अनुमोदन गराउने,<br>(ङ) संस्थालाई आत्मनिर्भर र स्वचालित बनाउनका लागि नयां सम्भाव्य कार्यक्रम र आम्दानी हुने स्रोतको खोजी तथा मौजुदा साधनको परिचालनका लागि क्रियाशील रहने,<br>(च) संस्था प्रमुखलाई साधारण सभा र सञ्चालक समितिको बैठक बोलाउन निर्देशन दिने,<br>(छ) संस्थाको चल-अचल सम्पत्तिको रेखदेख, संरक्षण, नियन्त्रण गर्ने-गराउने,<br>(ज) सञ्चालक समितिको निर्णय प्रमाणित गर्ने,<br>(झ) संस्थाको कुनै कारबाहीका सम्बन्धमा आवश्यकताअनुसार जांचबुझ एवं निरीक्षण गर्ने-गराउने तथा आवश्यक निर्देशन दिने,<br>(ञ) ऐन, नियमावली एवं विनियमबमोजिम संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यकीय अन्य विविध कार्यहरु गर्ने ।<br>(ट) संस्थाको स्थायी समितिको बैठकको अध्यक्षता गर्ने । | |
| | **३२. स्थायी समितिको गठन**<br>सञ्चालक समितिको बैठक नबसेको अवस्थामा संस्थाको कार्य सम्पादन, नीतिगत कुराहरु तत्काल संस्थाको हितका लागि स्थायी समितिले निर्णय गरी सञ्चालक समितिबाट अनुमोदन गराउनपर्नेछ । स्थायी समितिमा सञ्चालक समितिका अध्यक्ष संयोजक रहने गरी सम्बन्धित विषयका विज्ञ सदस्य आमन्त्रित तथा कार्यकारी निर्देशक सदस्य रहनेछन् । | साविकबमोजिमको व्यवस्था विनियममा समाहित आवश्यक भएकोले । |
| | **३३. उपसमितिको गठन**<br>१. संस्थाको कार्यसम्पादनलाई सरल र प्रभावकारी बनाउन समितिले आवश्यकता अनुसार समय समयमा विभिन्न उपसमिति तथा विशेष समिति गठन गर्न सक्नेछ ।<br>२. उपसमितिमा विषय विशेषज्ञ र व्यावहारिक ज्ञान भएका व्यक्तिहरु रहनेछन् ।<br>३. उपसमितिको कार्यावधि, काम, कर्तव्य र अधिकार समितिले निर्धारण | सहकारी नियमावली वमोजिम थप व्यवस्था आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| | गरेबमोजिम हुनेछ ।<br>४. विशेष कामका लागि गठित उपसमितिले निर्धारित समयमा कार्य सम्पन्न गरी समितिसमक्ष प्रतिवेदन दिनुपर्नेछ । | |
| **१३. <u>लेखा समिति र उप समितिहरू:</u>**<br>(क) साधारण सभाले १ जना संयोजक समेत तोकी बढीमा ३ जना सम्मको लेखा समिति निर्वाचनद्वारा गठन गर्न सक्नेछ । लेखा समितिको काम, कर्तव्य सहकारी कानूनमा तोकिए बमोजिम हुनेछ ।<br>(ख) संस्थाको कार्य सम्पादन गर्न आवश्यकतानुसार कार्य विवरण समेत तोकी सञ्चालक समितिले उप समिति गठन गर्न सक्नेछ । | **<u>परिच्छेद–८</u>**<br>**<u>लेखा सुपरिवेक्षण समिति</u>**<br><br>**३४. <u>लेखा सुपरिवेक्षण समितिको गठन :</u>**<br>(१) संस्थाको आन्तरिक आर्थिक प्रणालीलाई सुदृढ गर्न तथा संस्थाको आन्तरिक लेखापरीक्षण गरी लेखा अद्यावधिक गराउन तथा संस्थाको चल-अचल सम्पत्ति र कार्यको नियमित निरीक्षण गरी सिफारिससहित प्रतिवेदन पेस गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरु रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।<br>(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।<br>(क) साधारण सभाले १ जना संयोजक समेत तोकी बढीमा ३ जना सम्मको लेखा सुपरिवेक्षण समिति निर्वाचनद्वारा गठन गर्न सक्नेछ ।<br>(३). लेखा सुपरिवेक्षण समिति सदस्यको पदावधि निर्वाचित भएको मितिले ४ (चार) वर्षको हुनेछ ।<br>लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य सहकारी नियममा तोकिए बमोजिम हुनेछ । | नाम परिवर्तन सहित थप प्रावधान समेत समावेश गर्न आवश्यक भएकोले । |
| | **३५. <u>लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :</u>**<br>(१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : | ऐ ऐ |

| | | |
|---|---|---|
| १४. **लेखा परीक्षण:**<br>संस्थाको लेखा परीक्षण रजिष्ट्रारको स्वीकृति लिई साधारण सभावाट नियुक्त रजिष्टर्ड लेखा परीक्षकवाट हुनेछ । | (क) प्रत्येक चौमासिकमा संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने ,<br>(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,<br>(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याकंन गर्ने, गराउने,<br>(घ) आफुले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रुपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।<br>(ङ) आन्तरिक लेखापरीक्षणबाट देखिएको अनियमितता, बेरुजु र कैफियतलाई सुधार गर्ने-गराउने ।<br>(च) संस्थाको चल-अचल सम्पत्तिको नियमित निरीक्षण गरी अभिलेख अद्यावधिक गर्ने ।<br>(छ) निरीक्षणका अवसरमा देखिएका कैफियतहरु सुधार भए-नभएको अनुगमन गर्ने ।<br>(ज) अन्तिम लेखापरीक्षणबाट देखाइएका कैफियत सुधार भए-नभएको अनुगमन गर्ने ।<br>(झ) संस्थाले पाउनुपर्ने रकम, पेस्की रकम र बेरुजू रकम असुलउपर गर्ने-गराउने ।<br>(ञ) निरीक्षण तथा लेखासम्बन्धी प्रतिवेदन सिफारिससहित साधारण सभामा पेस गर्ने ।<br>(ट) साधारण सभाले दिएको अन्य निर्देशन निर्णयको पालना गर्ने ।<br>(ठ) सामूहिक मूल्याङ्कन प्रोत्साहन पुरस्कारका लागि सञ्चालक समितिमा सिफारिस गर्ने ।<br>(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।<br>**३६. लेखा परीक्षण :**<br>संस्थाको लेखा परीक्षण रजिष्ट्रारको स्वीकृति लिई साधारण सभाबाट नियुक्त लेखा परीक्षकबाट हुनेछ । | |

| | | |
|---|---|---|
| १५. **"महाप्रबन्धक" "/कार्यकारी प्रमुख"**<br>संस्थाको दैनिक कार्य सञ्चालनको निम्ति संस्था प्रमुखको रूपमा एक "महाप्रबन्धक" "/कार्यकारी प्रमुख" रहने छ । निजको नियुक्ति सञ्चालक समितिले गर्नेछ र सेवाको शर्त, सुविधा तथा अधिकार सञ्चालक समितिले नियम बनाई तोकी दिएवमोजिम हुनेछ । त्यसरी नियम नबनेसम्मका लागि "महाप्रबन्धक" "/कार्यकारी प्रमुख"को देहाय बमोजिमका अधिकार तथा कर्तव्य हुने छन् ।<br>(क) अध्यक्षको आदेश कार्यान्वित गर्ने ।<br>(ख) संस्थाको तर्फबाट नालेस गर्ने, संस्थाका विरुद्धमा परेको मुद्दामा प्रतिवाद गर्ने, मिलापत्र गर्ने ।<br>(ग) कर्मचारी सम्बन्धी प्रशासन गर्ने, रेखदेख गर्ने ।<br>(घ) संस्थाको हिसाब किताव राख्ने, राख्न लगाउने ।<br>(ङ) संस्थाको सम्पत्ति जिम्मा लिने, हेरचाह वा आफु मातहतका अन्य कुनै कर्मचारीहरूलाई सो काम गर्न लगाउने ।<br>(च) साधारण सभा तथा सञ्चालक समितिको निर्णयको अधिनमा रही कार्य सम्पादन गर्ने, गराउने ।<br>(छ) संस्थाको बैठकहरूको निर्णय पुस्तिका राख्ने । | **परिच्छेद-९**<br>**व्यवस्थापन**<br><br>**३७. कर्मचारी सम्बन्धी व्यवस्था**<br>१. संस्थाको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको नियुक्ति कर्मचारी प्रशासन नियमावलिको अधिनमा रहि गरिनेछ ।<br>२. उपविनियम (१) बमोजिम नियुक्त कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धि व्यवस्था संस्थाको कर्मचारी प्रशासन नियमावलिमा व्यवस्था भए बमोजिम हुनेछ ।<br><br>**३८. कार्यकारी निर्देशकको व्यवस्था**<br>संस्थाको दैनिक कार्य सञ्चालनको निम्ति संस्था प्रमुखको रूपमा एक कार्यकारी निर्देशक रहनेछ । निजको नियुक्ति सञ्चालक समितिले गर्नेछ र सेवाको शर्त, सुविधा तथा अधिकार सञ्चालक समितिले (नियम बनाई) तोकी दिएवमोजिम हुनेछ । त्यसरी नियम नबनेसम्मका लागि कार्यकारी निर्देशकको देहाय बमोजिमका अधिकार तथा कर्तव्य हुनेछन् ।<br>१. उपविनियम (१) बमोजिम प्रमुख कार्यकारी निर्देशकको नियुक्ति नभए सम्म समितिले तोकेको संस्थाको नायव प्रमुख कार्यकारी निर्देशक वा सो सरहको वरिष्ठ अधिकृतले कार्यकारी निर्देशक भई कार्य सम्पादन गर्नेछ ।<br><br>**३९. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार**<br>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ -<br>(क) समितिको निर्देशनमा रही संस्थाको कार्यक्रम तथा कारोवार सञ्चालन गर्ने,<br>(ख) साधारण सभा वा सञ्चालक समितिको सचिवका रुपमा काम गर्ने एवं | समयानुकूल परिमार्जन गर्न आवश्यक भएकोले ।<br><br>ऐ ऐ<br><br>ऐ ऐ |

| | | | |
|---|---|---|---|
| | (मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानुसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिभिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।) | अध्यक्षको स्वीकृति लिई बैठक बोलाउने,<br>(ग) साधारण सभा तथा सञ्चालक समितिबाट भएका कारबाही र निर्णयहरुसम्बन्धी अभिलेख विनियमबमोजिम प्रमाणित गराई छुट्टाछुट्टै राख्ने,<br>(घ) संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सञ्चालक समितिमा पेस गर्ने, स्वीकृत नीति वा कार्यक्रमहरु तथा सञ्चालक समिति वा साधारण सभाका निर्णयहरुको कार्यान्वयन गर्ने,<br>(ङ) संस्थाको तर्फबाट नगद, कागजात वा सेक्युरिटीहरु जिम्मा लिई तिनको उचित सुरक्षाको प्रबन्ध मिलाउने,<br>(च) संस्थाको हरहिसाबको लेखा ठीक र सही तरिकाले राख्ने तथा राख्न लगाउने र आर्थिक विवरणहरु प्रमाणित गर्ने,<br>(छ) बक्यौताको विवरण सञ्चालक समितिमा पेस गरी निर्णयबमोजिम कार्यान्वयन गर्ने,<br>(ज) संस्थाको सम्पत्ति, दायित्व र आवश्यक विवरणहरु सञ्चालक समितिको बैठकमा पेस गर्ने,<br>(झ) हिसाब जांच तथा निरीक्षणमा देखाएका त्रुटिहरु समयमा नै अनिवार्य रुपले सुधार गर्ने- गराउने,<br>(ञ) संस्थाको कारोबार र कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकाय तथा व्यक्तिहरुसंग सम्बन्ध राख्ने,<br>(ट) सञ्चालक समितिबाट प्राप्त अधिकारको आधारमा संस्थाको विरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदाबीको सम्बन्धमा संस्थाको विरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदाबीको सम्बन्धमा संस्थाका तर्फबाट कानुनी प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने तथा संस्थाको तर्फबाट कसैको विरुद्ध यस्तो हकदाबीको सम्बन्धमा उजुर गर्ने, मिलापत्र गर्ने वा दाबी परित्याग गर्ने,<br>(ठ) बजेटको परिधिभित्र रही खर्च गर्ने,<br>(ड) संस्थाको आर्थिक कारोबार तथा बैंक खाता सञ्चालन गर्ने तथा आर्थिक कारोबारसम्बन्धी आवश्यक पर्ने बिल, भर्पाइ-कागजातहरु | |

| | | |
|---|---|---|
| | प्रमाणित गर्ने,<br>(ढ) सञ्चालक समितिको निर्णयअनुसार वा समितिले तोकिदिएका कुराहरुमा संस्थाको तर्फबाट सम्झौतापत्र वा कागजातहरुमा सही गर्ने,<br>(ण) संस्थाका कर्मचारीहरुको कार्यविभाजन, अधिकार र कर्तव्यको निर्धारण गर्ने तथा कर्मचारीहरुको नियन्त्रण गर्ने तथा स्वीकृत कर्मचारी प्रशासन नियम तथा दिग्दर्शनको अधीनमा रही नियुक्ति, सरुवा, बढुवा, सजाय, निलम्बन, पुरस्कार आदिसम्बन्धी निर्णय गर्ने वा त्यस्तो निर्णयका लागि सिफारिस गर्ने,<br>(त) आफूमा निहित अधिकार आफूमातहतका कर्मचारीहरुमा प्रत्यायोजित गर्ने,<br>(थ) ऐन, नियमावली एवं विनियममा भएको व्यवस्था तथा साधारण सभा र समितिका निर्णयहरुको परिधिभित्र रही संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रम तथा व्यवसाय सुचारु रुपले सञ्चालन गर्न आवश्यक हुन आउने अन्य कामहरुगर्ने । | |
| १६. **खूद <u>वचतको बांडफांड:</u>**<br>(१) खूद नाफाको २५ प्रतिशत रकम जगेडा कोषमा छुट्याई बांकी रहन आएको रकमलाई देहाय बमोजिमका कोषमा साधारण सभाबाट अनुमोदन गराउने गरी सञ्चालक समितिको निर्णयअनुसार रकम छुट्याई सोही प्रयोजनमा मात्र खर्च गर्ने गरी कोष खडा गरिनेछ ।<br>क. शेयर लाभांश कोष:<br>ख. संरक्षित पूंजी फिर्ता कोष: कारोवारको आधारमा सदस्यहरूलाई वितरण गर्न सक्ने गरी ।<br>ग. घाटापुर्ति कोष: संस्थाको विगतको घाटापुर्ति गर्दै लान ।<br>घ. सहकारी शिक्षा र तालिम कोष: आफ्ना सदस्य, पदाधिकारीहरुवा कर्मचारीहरूलाई सहकारी विषयको ज्ञान दिलाउन र दक्षता अभिवृद्धिका लागि तालीम | **<u>परिच्छेद– १०</u>**<br>**<u>वित्तीय व्यवस्था</u>**<br>**<u>४०. बचतको वितरण</u>**<br>१. प्रत्येक आर्थिक वर्षमा संस्थाको खूद वचतबाट कम्तीमा २५ प्रतिशत रकम जगेडा कोषमा राखिनेछ ।<br>२. उपविनियम (१) बमोजिम जगेडा कोष छुट्याई बांकी रहने रकमबाट २५ प्रतिशत संरक्षित पूंजी फिर्ता कोषमा छुट्टयाइनेछ ।<br>३. उपविनियम (१) बमोजिम जगेडा कोष छुट्टयाई बांकी रहेको रकमबाट ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा छुट्टयाइनेछ ।<br>४. उपविनियम (१), (२) र (३) बमोजिम रकम छुट्टयाई बांकी रहेको रकमबाट निम्नलिखित कोषहरुको व्यवस्था गरिने छ–<br>(क) शेयर लाभांश कोष<br>(ख) कर्मचारी बोनस कोष<br>(ग) कर्मचारी कल्याण कोष<br>(घ) सहकारी शिक्षा कोष | हाल प्रचलनमा आएको कानून अनुकूल आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| गोष्ठी आदिमा खर्च गर्ने गरी अनिवार्य रूपमा कोष खडा गरिनेछ ।<br>ङ. डुवन्त ऋण कोष: संस्थाको कारोवारमा देखिएको उधारो वा ऋण उठ्न बांकी वा किसिम अनुसार जोखिम वहन गर्न<br>च. संस्था विकास कोष: संस्थागत विकासका लागि सभाको सहमतिमा संस्था विकास कोष खडा गर्ने प्रयोजनका लागि ।<br>छ. कर्मचारी बोनस कोष: कर्मचारीहरूलाई वोनस वितरण गर्न ।<br>ज. सामाजिक सेवा कोष: सामाजिक सेवाको काममा सहयोग गर्न वा खर्च गर्न ।<br>झ. सहकारी संस्था स्थिरीकरण कोष: आफु आबद्ध रहेको सम्बन्धित सहकारी संघअन्तर्गत रहने गरी सहकारी संस्थाहरूको सामुहिक हितका लागि संघको साधारण सभाबाट भएको निर्णय बमोजिम सहकारी संस्था स्थिरिकरण कोषमा केही रकम जम्मा हुने गरी कोषको व्यवस्था गरिनेछ ।<br>ञ. शेयर लाभांश कोषको रकम जतिसुकै भएपनि शेयर रकमको १५ प्रतिशत भन्दा बढी वितरण गरिने छैन ।<br>(२) कर्मचारी वोनस कोषबाट कर्मचारीहरूलाई बढीमा ३ महिनासम्मको तलब बराबरको वोनस वितरण गरिनेछ र वोनस वितरण गरिसकेपछि कथंकदाचित रकम बांकी रहन आएमा सो बांकी रहन आएको रकमलाई कर्मचारी कल्याण कोष खडा गरी सो कोषमा जम्मा गरिनेछ ।<br>(३) चुक्ता पुंजीको ६० प्रतिशत भन्दा बढी खूद मूनाफा भई शेयरलाभांश कोषबाट १५ प्रतिशत लाभांश वितरण गरी शेयर लाभांश कोषमा रकम बांकी रहेको अवस्थामा बांकी रहेको लाभांश कोषको रकम मध्येबाट | (ङ) सहकारी पुरस्कार कोष<br>(च) डुबन्त ऋण कोष<br>(छ) सामाजिक सेवा कोष<br>(ज) सहकारी विकास कोष<br>(झ) संस्था विकास कोष ।<br>३. उपविनियम (२) बमोजिम खडा गरिने कोषहरुमा जम्मा हुने रकमको हद समयसमयमा समितिले तोकिदिएबमोजिम हुनेछ ।<br>४. उपविनियम (२) बमोजिम खडा गरिएको कोषको रकम छुट्टाछुट्टै खातामा राख्नुपर्नेछ र त्यस्तो कोषको सञ्चालन समितिले तोकि दिएबमोजिम हुनेछ ।<br>५. उपविनियम २ (ख) को कोषबाट ऐन प्रतिकूल नहुने गरी साधारण सभाले तोकेबमोजिम लाभांश वितरण गरिनेछ ।<br>६. कर्मचारी बोनस कोषबाट समितिको निर्णयानुसार कर्मचारीहरुलाई बोनस वितरण गरिने छ र यसरी बोनस वितरणपश्चात् कुनै रकम बांकी हुन आएमा सो रकम कर्मचारी कल्याण कोषमा जम्मा गरिने छ ।<br>७. कर्मचारी कल्याण कोषको सञ्चालन समितिले बनाएको नियमको अधीनमा रही सञ्चालक प्रतिनिधिको संयोजकत्वमा संस्था प्रमुख र कर्मचारी प्रतिनिधिसमेत सदस्य भएको समितिले गर्नेछ ।<br>८. शेयर लाभांश कोषको रकम जतिसुकै भएपनि शेयर रकमको १८ प्रतिशत भन्दा बढी वितरण गरिने छैन ।<br>९. चुक्ता पूंजीको ६० प्रतिशत भन्दा बढी खूद मुनाफा भई शेयर लाभांश कोषबाट १८ प्रतिशत लाभांश वितरण गरी शेयर लाभांश कोषमा रकम बांकी रहेको अवस्थामा बांकी रहेको लाभांश कोषको रकम मध्येबाट सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरूलाई पुरस्कार प्रदान गर्न सकिनेछ । तर प्रति सञ्चालकले पाउने पुरस्कार रकम खूद वचतबाट जगेडा कोष कट्टा गरी बांकी रहेको रकमको ०.५० प्रतिशत भन्दा बढी हुने छैन ।<br><br>**<u>४१. कोषको सुरक्षा</u>**<br>संस्थाको कोष समितिले निर्धारण गरेबमोजिमको व्यक्तिको जिम्मा रहने छ । | <br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br><br>ऐ ऐ |

| | | |
|---|---|---|
| सञ्चालकहरूलाई पुरस्कार प्रदान गर्न सकिनेछ । तर प्रति सञ्चालकले पाउने पुरस्कार रकम खूद बचतबाट जगेडा कोष कट्टा गरी बांकी रहेको रकमको ०.५० प्रतिशत भन्दा बढी हुने छैन ।<br>(४) जगेडा कोषको रकम संस्था आफैंले वा अरु संस्थाहरूसंग मिली संस्थाको उद्देश्य बमोजिमको उद्योग व्यवसायमा वा संस्थाको आय बृद्धिमा लगाउन सकिनेछ ।<br><br>नोटः दफा १६ २०६६।१०।१७ को साधारण सभा तथा डिभिजन सहकारी कार्यालय काठमाण्डौं को मिति २०६७।७।२९ को स्वीकृतपत्र अनुसार संशोधित । | कोषको रकममध्ये समितिको निर्णयबाट स्वीकृति भएको हदसम्मको रकम कार्यसञ्चालनका लागि रहने र बांकी रकम संस्थाको नाममा बैंकमा खाता खोली संस्थाले तोकेका व्यक्तिहरुको हस्ताक्षरबाट सञ्चालन हुने गरी राख्नुपर्दछ । | |
| | **<u>४२. कोषको उपयोग</u>**<br>कोषको उपयोग साधारण सभाको मार्गदर्शनको अधीनमा रही समितिको निर्णयबमोजिम गरिनेछ । सामान्यतया कोषको उपयोग निम्न कार्यहरुमा गरिनेछ –<br>(क) स्वीकृत योजनाअनुसारका कार्यक्रम वा कारोवार सञ्चालन गर्न,<br>(ख) स्वीकृत योजनाहरुको कार्यसञ्चालनका लागि आवश्यक पर्ने सामग्री खरिद गर्न । | उचित व्यवस्था आवश्यक भएकोले । |
| | **<u>४३. वार्षिक हिसाब जांच</u>**<br>१. संस्थाले प्रत्येक आर्थिक वर्षको हिसाब जांच सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र रजिस्ट्रार वा निजले तोकेको अधिकारीले स्वीकृति दिएको कुनै दर्तावाला लेखापरीक्षकद्वारा गराउनुपर्नेछ ।<br>२. उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिस्ट्रारको स्वीकृति लिई संस्थाको साधारण सभाले दर्तावाला लेखापरीक्षक नियुक्त गरी संस्थाको हिसाब जांच गराउन सक्नेछ ।<br>३. उपविनियम (२) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति वा कम्पनीलाई लगातार तीन पटकभन्दा बढी नियुक्त गर्न सकिनेछैन ।<br>४. हिसाब जांचको प्रतिवेदन साधारण सभामा पेस गरी अनुमोदन गराउनुपर्नेछ ।<br>५. उपविनियम (४) बमोजिम साधारण सभामा हिसाब जांच प्रतिवेदन पेस हुंदा साधारण सभाले अनुमोदन नगरेमा साधारण सभाले अर्को लेखापरीक्षक नियुक्त गरी जांचबुझ वा पुनः हिसाब जांच गराउन सक्नेछ । | ऐन बमोजिमको व्यवस्था आवश्यक भएकोले । |

| | | |
|---|---|---|
| | ६. लेखापरीक्षकको पारिश्रमिक र सुविधाका हकमा विनियम २०(छ) मा भएको व्यवस्था बमोजिम हुनेछ ।<br><br>**<u>४४. संस्थाले राख्ने बहीखाता र हिसाबहरु</u>**<br>संस्थाले कार्यसञ्चालनको सिलसिलामा आवश्यक पर्ने बहीखाता र हिसाबहरु राख्नेछ । तर कम्तीमा पनि देहायबमोजिमका बहीखाता र किताबहरु संस्थामा अनिवार्य रुपमा हुनुपर्नेछ –<br>(क) सहकारी नियमावली, २०७५ बमोजिम सदस्य दर्ता किताब,<br>(ख) शेयर दर्ता रजिस्टर,<br>(ग) आयव्यय रजिस्टर,<br>(घ) तालिम रजिस्टर,<br>(ङ) व्यक्तिगत तथा संस्थाको ऋण खाता,<br>(च) सम्पत्ति दर्ता खाता,<br>(छ) जिन्सी खाता,<br>(ज) आम्दानी, खर्च सम्पत्ति र दायित्वसम्बन्धी अलगअलग खाताहरु,<br>(झ) विभिन्न सभा, समिति तथा उपसमितिहरुको बैठक रजिस्टर,<br>(ञ) संस्थाको अन्य संस्थाहरुसंगको कारोबार रजिस्टर,<br>(ट) सामाजिक सामूहिक कार्यक्रम सञ्चालन रजिस्टर,<br>(ठ) नगद खाता,<br>(ड) बैठक सम्परीक्षण खाता,<br>(ढ) भुक्तानी रजिस्टर,<br>(ण) बेरुजू एवं सम्परीक्षण खाता,<br>(त) सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरु, सल्लाहकारहरु र लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरुको नाम, ठेगाना र कार्यावधिसमेत देखिने लगत,<br>(थ) नियमावलीअनुसार तोकिएका अन्य खाताहरु । | ऐ ऐ |

| | | |
|---|---|---|
| | **परिच्छेद- ११**<br>**निर्वाचन र विघटन**<br>**४५. निर्वाचन**<br>१. विनियमबमोजिम निर्वाचन हुने पदहरुको निर्वाचन साधारण सभाबाट स्वीकृत निर्वाचन निर्देशिका बमोजिम गराइनेछ ।<br>२. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको कार्यावधि समाप्त हुनुअगावै नयां समितिको निर्वाचन गरिने वा गराइनेछ । | ऐ ऐ |
| | **४६. सपथ ग्रहण**<br>साधारण सभाबाट निर्वाचित सदस्यहरुले अनुसूची ३ मा तोकिएबमोजिमको सपथ ग्रहण गर्नुपर्नेछ । | ऐ ऐ |
| | **४७. मध्यस्थता**<br>यस विनियमबमोजिम गरेको कुनै कामकारबाहीमा केही विवाद उठी उक्त विवाद सञ्चालक समिति वा साधारण सभाद्धारा समाधान हुन नसकेमा त्यसको मध्यस्थता गर्न त्यस्ता विवाद रजिस्ट्रारसमक्ष पेस गरिनेछ । रजिस्ट्रारले मध्यस्थता सम्बन्धी कानूनको प्रक्रिया पुरा गरी विवाद सुल्भाउने छ । यस्तो अवस्थामा मध्यस्थकर्ताको निर्णय अन्तिम हुनेछ । | ऐ ऐ |
| १७. **संस्थाको विघटन:**<br>(क) कुनै कारणवस संस्थाको विघटन गर्नु पर्ने भएमा साधारण सभाको कूल सदस्य संख्याको दुई तिहाई वहुमतको निर्णयवाट मात्र संस्था विघटन हुन सक्नेछ ।<br>(ख) उप विनियम (क) वमोजिम संस्था विघटन गर्ने निर्णय भएपछि सहकारी ऐन नियम वमोजिम लिक्विडेटरको नियुक्त भई संस्था विघटन हुनेछ । | **४८. विनियम संशोधन**<br>१. यस विनियमको संशोधन गर्नु परेमा संस्थाको कुल सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएको साधारण सभामा कम्तीमा दुई तिहाइ बहुमतको निर्णयबाट गरिनेछ ।<br>२. उपविनियम (१) बमोजिम संशोधित विनियम रजिष्ट्रारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ । | ऐ ऐ |
| | **४९. संस्थाको विघटन**<br>१. संस्थाको कुल सदस्यसंख्याको दुईतिहाइ (२/३) बहुमतले संस्था विघटन गर्ने निर्णय गर्न सक्नेछ । | ऐ ऐ |

| | | |
|---|---|---|
| **१८. सहकारी कानून वमोजिम हुने:**<br>यो विनियमहरूमा नखुलेका कुराहरु सञ्चालक समितिले सहकारी ऐन नियमानुसार गर्ने गराउने छ ।<br><br>**१९. छाप:**<br>(१) यस संस्थाको आफ्नै छाप हुनेछ । सो छापको आकार गोलाकारभित्र नेपालको नक्सा माथि पूर्ण कलश नक्सा मुनि २०३१ र गोलाकारको बाहिरी घेराभित्र साझा सेवा (सहकारी संस्था) लि. उल्लेख हुनेछ ।<br>(मिति २०७१।०९।२५को साधारण सभा, मिति २०७१।११।४को सहकारी विभागको निर्णयानूसार संशोधन स्वीकृत भई २०७१।११।१२को डिभिजन सहकारी कार्यालय काठमाण्डौको पत्रानुसार संशोधित ।)<br>(२) संस्थाको छाप सदस्य-सचिवको जिम्मामा रहनेछ । | २. उप विनियम (क) वमोजिम संस्था विघटन गर्ने निर्णय भएपछि सहकारी ऐन नियम वमोजिम लिक्विडेटरको नियुक्त भई संस्था विघटन हुनेछ र लिक्विडेसन पश्चात् सबै दायित्व भुक्तान गरी बांकी रहन गएको सम्पत्तिको उपयोग तोकिए बमोजिम हुनेछ ।<br>३. उपविनियम (१) बमोजिमको निर्णयसहितको निवेदन प्राप्त भएपछि रजिस्ट्रार वा निजबाट अधिकारप्राप्त व्यक्तिले संस्थाको दर्ता खारेज गरी ऐनको दफा ४२ अनुरुप लिक्विडेटर नियुक्त गर्ने छ ।<br><br>**परिच्छेद- १२**<br>**विविध**<br><br>**५०. प्रचलित कानून वमोजिम हुने:**<br>यो विनियमहरूमा नखुलेका कुराहरु सञ्चालक समितिले सहकारी ऐन र नियमानुसार गर्ने, गराउनेछ । | <br><br><br><br><br><br><br><br><br><br><br><br><br>परिष्कृत गर्न आवश्यक भएकोले । |
| | **५१. छाप:** यस संस्थाको छाप अनुसूची १ मा उल्लेख भए बमोजिमको हुनेछ । | ऐ ऐ |
| | **५२. छूट, सुविधा र सहुलियत :**<br>(१) प्रचलित कानून अनुसार संस्थालाई प्राप्त हुने छूट, सुविधा र सहुलियत लिइनेछ । | ऐ ऐ |
| | **५३. बक्यौता असुल उपर गर्ने :**संस्थाको लेना बांकी रकम र सो को ब्याज समेत संस्थाले त्यस्तो व्यक्तिको जायजेथाबाट तोकिए बमोजिम असूल उपर गर्न सक्नेछ । | ऐ ऐ |
| | **५४. रोक्का राख्न लेखी पठाउने :** (१) संस्थाले कुनै व्यक्ति वा संस्थाको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।<br>**५५. कर सम्बन्धी व्यवस्था :** | ऐ ऐ |
| | १. **आर्थिक सहयोग गर्न नहुने** : संस्थाको रकम सामाजिक कार्यमा | ऐ ऐ |

| | | |
|---|---|---|
| | बाहेक अन्य कार्यका लागि आर्थिक सहयोग गर्न पाइने छैन ।<br>स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि सामाजिक कार्य भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रवर्द्धन सहकारी पुरस्कार सम्बन्धी कार्यलाई जनाउंछ । | |
| | **५६. ठेक्कापट्टा दिन नहुने :** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई संस्थाको ठेक्कापट्टा दिन हुंदैन । | ऐ ऐ |
| | **५७.** संस्थाको इतिहास, गरिमा र साखका लागि छुट्टै कोषको स्थायी व्यवस्था गरी संस्थाको साधारण सभाबाट निर्णय भए बमोजिम संस्थामा लामो समयसम्म योगदान पुर्‍याउने व्यक्ति वा संस्थाको नाममा सहकारी पुरस्कार घोषणा गर्न सक्नेछ । | ऐ ऐ |
| | **५८. व्याख्या गर्ने अधिकार :**<br>(१) यस विनियममा लेखिएका कुरा व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ । | नियमानुसारको व्यवस्था गर्न आवश्यक परेकोले । |
| | **५९. कानून बमोजिम हुने :**<br>यस विनियममा लेखिएका कुरा प्रचलित ऐन तथा नियमसंग बाझिएमा सो बाझिएको हदसम्म अमान्य हुनेछ । | ऐ ऐ |
| | सहकारी विभागबाट:<br>शूरु स्वीकृत मिति: २०३१।५।२०<br>पहिलो संशोधन स्वीकृत मिति: २०५१।२।१२<br>दोश्रो संशोधन स्वीकृत मिति: २०५२।५।१८<br>तेश्रो संशोधन स्वीकृत मिति: २०५३।९।२४<br>चौथो संशोधन स्वीकृत मिति: २०७१।११।०४<br>पांचौं संशोधन स्वीकृत मिति : | |

| | | |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| | | |